नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

मितिः२०८१।०८।१२

कृ.शा. ४४ (२०८१/८२) च. नं. २४६५

श्री इजाजतपत्र प्राप्त सबै निर्जीवन बीमकहरू,

**विषयः– बीमालेख सफ्टवयेर मार्फत जारी गर्ने बारे।**

उपरोक्त सम्बन्धमा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहयोगमा नेपाल बीमा प्राधिकरणबाट कृषि तथा पशुपन्छी बीमाको रियल टाइम सफ्टवयेर निर्माण सम्पन्न भइसकेको हुँदा देहाय बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार जानकारी गरिन्छ। साथै, सफ्टवयेर प्रयोगकर्ता म्यानुअल यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ।

(१) हाल कृषि तर्फ तरकारी बीमालेख र पशुपन्छी तर्फ पशुधन बीमालेख अनिवार्य सफ्टवयेर मार्फत जारी गर्ने र भौतिक विधि मार्फत मिति २०८१ मंसिर १६ गतेबाट जारी गर्ने।

(२) तरकारी बीमालेख र पशुधन बीमालेख सफ्टवयेर मार्फत जारी भए पश्चात सोको प्रभावकारीता हेरी अन्य बीमालेखहरु जारी गर्न तथा मोवाइल एप संचालन लगायतका विषयहरु पछि जानकारी गराइनेछ।

(३) सफ्टवयेर प्रणाली मार्फत बीमालेख जारी गर्ने सन्दर्भमा बीमकले आवश्यकता अनुसार कर्मचारी, अभिकर्ता, प्राविधिक, क्षतिमूल्याङ्कनकर्ता एवं सरोकारवालाहरुलाई केन्द्र तथा सबै प्रदेशहरुमा प्राधिकरणको समन्वयमा तालिम संचालन गर्ने।

(४) सफ्टवयेर प्रणाली संचालन सम्बन्धमा प्राविधिक तथा बीमालेखका प्रक्रिया बारे सहयोग आवश्यक भएमा प्राधिकरणको देहायका कर्मचारीहरुसंग समन्वय गर्ने।

| **प्राविधिक सहयोग आवश्यक भएमा सूचना प्रविधि अधिकृतहरुः** | **बीमालेख तथा प्रक्रिया बारे सहयोग आवश्यक भएमा सहायक निर्देशक तथा पशु विकास अधिकृत** |
|---|---|
| दामोदर आचार्य - ९८४६५१८००२<br>विशाल त्रिताल - ९८४२४१११५२<br>कृष्णराज अधिकारी-९८४१८२०३८९ | प्रेम हरि पोखरेल -९८६८१३२४१५<br>स्वतन्त्र डाँगी - ९८४१९६२५४७ |

**संलग्नः** सफ्टवयेर प्रयोगकर्ता म्यानुअल थान-१

(पुजन ढुंगेल अधिकारी)
निर्देशक

**बोधार्थः**
नेपाल बीमा प्राधिकरणका सम्पूर्ण प्रादेशिक कार्यालयहरु।

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोनः ०१-५४२१०७९, ५४३८७४३, फ्याक्सः ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupondole, Nepal, Phone: 01-5421079, 5438743, Fax: 01-5420119, Toll Free No.: 1660-01-56789
Website: www.nia.gov.np, E-mail: info@nia.gov.np

Scanned with CamScanner